निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

# प्रेस विज्ञप्ति

निर्वाचन आयोग र नेपाल सरकारको निर्णय अनुसार प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तहमा विभिन्न कारणले रिक्त भएका पदहरूमा आगामी २०७६ साल मङ्सिर १४ गते प्रतिनिधि सभा सदस्य-१, प्रदेश सभा सदस्य-३ र स्थानीय तहका प्रमुख-१, अध्यक्ष-३, उपाध्यक्ष-१ र वडाअध्यक्ष-४३ समेत ३७ जिल्लाका ५२ स्थानहरूमा उक्त दिनको बिहान ७ बजेदेखि अपरान्ह ५ बजेसम्म उपनिर्वाचन हुन गइरहेको छ । निर्वाचन आयोगले मिति २०७६ साउन १६ गतेका दिन राजनीतिक दलसँग गरेको छलफल र सोको आधारमा नेपाल सरकारलाई दिएको परामर्श बमोजिम उपनिर्वाचनको मिति घोषणा गरिएको हो । संवत् २०७४ सालमा सम्पन्न स्थानीय तह निर्वाचन तथा प्रतिनिधि सभा एवं प्रदेश सभा सदस्य निर्वाचनमा भाग लिएका राजनीतिक दलले उपनिर्वाचन प्रयोजनको लागि पुन: दल दर्ता गर्नु नपर्ने र अन्य दलले निर्वाचन प्रयोजनको लागि आयोगमा दल दर्ता गर्नुपर्ने प्रावधान बमोजिम १६ वटा राजनीतिक दलहरू दर्ता भए अनुसार यस उपनिर्वाचनमा जम्मा १०१ राजनीतिक दलले भाग लिन सक्ने गरी आयोगले राजनीतिक दलहरु र निर्वाचन चिन्हको विवरण समेत सार्वजनिक गरिसकेको छ । जसमध्ये प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यमा ९५ दलले र स्थानीय तहको सदस्यको पदमा ७८ दलले उपनिर्वाचनमा भाग लिन सक्नेछन् । मतदानको दिन मतदान गर्न जाँदा सबै मतदाताले अनिवार्य रुपमा आ-आफ्नो परिचयपत्र साथमा लिइजानु पर्ने व्यवस्था भएकोले २०७४ सालको निर्वाचन पछि थप भएका १६,२१९ मतदाताहरुको परिचयपत्र तयार गरी वितरण गर्न पठाइसकिएको छ भने अन्य मतदाताले २०७४ सालमा आयोगले उपलब्ध गराएको परिचयपत्र साथमा लिइआउन अनुरोध गरिएको छ । आयोगले स्वीकृत गरेको अन्तिम मतदाता नामावली अनुसार यस उपनिर्वाचनमा सहभागी हुने मतदाताहरूको संख्या ४,५४,११४ रहेको छ । उपनिर्वाचनमा ३७ जिल्लाका ५२ रिक्त पदको मतदानका लागि २४७ मतदान स्थल र ५३७ मतदान केन्द्र तोकिएका छन् ।

आयोगले न्याय परिषद र न्याय सेवा आयोगको परामर्श र सिफारिसमा मुख्य निर्वाचन अधिकृत ३७ र निर्वाचन अधिकृत ११ नियुक्ति गरी निर्वाचन सञ्चालन र व्यवस्थापनका लागि प्रशिक्षण कार्यक्रम विराटनगर, ललितपुर र नेपालगञ्जमा सम्पन्न गरेको छ । निर्वाचन कार्यक्रम बमोजिम प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको उपनिर्वाचनको लागि मुख्य निर्वाचन अधिकृतको कार्यालय सम्बन्धित जिल्ला सदरमुकाममा २०७६।७।१७ गते स्थापना भइसकेका छन् । स्थानीय तहका सदस्यको उपनिर्वाचनको लागि मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालय सम्बन्धित स्थानीय तहको केन्द्रमा आज मिति २०७६।७।२० गते स्थापना गर्ने कार्यक्रम रहेको छ । उपनिर्वाचनका लागि आवश्यक सामग्रीहरूको व्यवस्थापन गर्ने सन्दर्भमा अधिकांश निर्वाचन सामग्रीहरू आयोगमा रहेको मौज्दातबाट व्यवस्थापन गरिएको छ भने स्थानीयस्तरमा खरिद गरी व्यवस्थापन गर्न सकिने सामग्रीहरु जिल्ला निर्वाचन कार्यालयबाटै गर्न बजेट अख्तियारी पठाई सकिएको छ । उपनिर्वाचन प्रयोजनको लागि मतदाता शिक्षा कार्यक्रम मिति २०७६ मङ्सिर ५ देखि ११ गतेसम्म सञ्चालन गरिदैछ । प्रत्येक वडामा दुई जना मतदाता शिक्षा कार्यकर्ताले उक्त अवधिमा मतदाताहरूलाई जानकारीमूलक नमूना मतपत्र, पोष्टर, हातेपुस्तिका लगायतका सामग्रीको माध्यमबाट मतदाता शिक्षा दिइने यसका साथै नमूना मतदान कार्यक्रम, मतदाता शिक्षा गोष्ठी, आयोगको वेबसाइट, मोबाइल एप्स्, फेसबुक मार्फत मतदातालाई शिक्षा दिने कार्यक्रम रहेको छ ।

उपनिर्वाचन सम्पन्न गर्न २०७६ असोज १५ गते आयोगबाट स्वीकृत भएको उपनिर्वाचन कार्यक्रम बमोजिम प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको लागि मिति २०७६।०७।२१ गते बिहान १० बजेदेखि दिउसो १ बजेसम्म उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने, २१ गते दिउसो १.३० बजेदेखि ३ बजेसम्म मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने, २२ गते बिहान ११ बजेदेखि अपरान्ह ५ बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिने, २३ गते बिहान ११ बजेदेखि दिउसो १.३० बजेसम्म मनोनयनपत्र र उजुरी उपर जाँचबुझ गर्ने, २३ गते दिउसो ३ बजेदेखि अपरान्ह ५ बजेसम्म मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गर्ने, २४ गते बिहान १० बजेदेखि दिउसो १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिने, २४ गते दिउसो ३ बजेदेखि अपरान्ह ५ बजेसम्म उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने, २५ गते बिहान ११ बजेदेखि अपरान्ह ४ बजेसम्म उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने र मंसिर १४ गते बिहान ७ बजेदेखि अपरान्ह ५ बजेसम्म मतदान गर्ने समय तोकिएको छ ।

त्यसैगरी, स्थानीय तहका सदस्य पदको लागि मिति २०७६।०७।२७ गते बिहान १० बजेदेखि दिउसो १ बजेसम्म उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने, २७ गते दिउसो १.३० बजेदेखि ३ बजेसम्म मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने, २८ गते बिहान ११ बजेदेखि अपरान्ह ५ बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिने, २९ गते बिहान ११ बजेदेखि दिउसो १.३० बजेसम्म मनोनयनपत्र र उजुरी उपर जाँचबुझ गर्ने, २९ गते दिउसो ३ बजेदेखि अपरान्ह ५ बजेसम्म मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गर्ने, ३० गते बिहान १० बजेदेखि दिउसो १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिने, ३० गते दिउसो ३ बजेदेखि अपरान्ह ५ बजेसम्म उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने, मिति २०७६।०८।०१ गते बिहान ११ बजेदेखि अपरान्ह ४ बजेसम्म उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने र मंसिर १४ गते बिहान ७ बजेदेखि अपरान्ह ५ बजेसम्म मतदान गर्ने समय तोकिएको छ ।


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

२०७४ सालमा सम्पन्न निर्वाचनमा निर्धारण गरिएको मापदण्ड अनुसार नै हुने गरी उपनिर्वाचनको लागि उपमहानगरपालिकाका प्रमुखको लागि ५ लाख ५० हजार, वडा अध्यक्षको लागि २ लाख ५० हजार, नगरपालिकाको वडा अध्यक्षको लागि २ लाख, गाउँपालिका अध्यक्ष र उपाध्यक्षको लागि ३ लाख ५० हजार र वडा अध्यक्षको लागि १ लाख ५० हजार, प्रदेश सभा सदस्य उम्मेदवारको लागि १५ लाख र प्रतिनिधि सभा सदस्य उम्मेदवारको लागि २५ लाख निर्वाचन खर्चको सीमा निर्धारण गरिएको छ । राजनीतिक दल तथा उम्मेदवारहरुलाई प्रचार प्रसारको लागि प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको हकमा १६ दिन र स्थानीय तहका उम्मेदवारको हकमा १० दिनको समयावधी उपलब्ध गराइएको छ ।

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी र विश्वसनीय ढंगबाट सम्पन्न गर्न आयोगले २०७६।७।८ गतेदेखि निर्वाचन आचार संहिता लागू गरेको छ । आयोगले जारी गरेको आचार संहिता पूर्ण रूपमा पालन गर्न गराउन मिति २०७६।७।१४ गते निर्वाचन आयोगमा नेपाल सरकारका उपप्रधानमन्त्री, मन्त्री, राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधिज्यूहरूको उपस्थितिमा भएको छलफल कार्यक्रममा आचार संहिताको पूर्णपालना गर्ने प्रतिवद्धता जाहेर भएको छ । निर्वाचन आचरसंहिता कार्यान्वयनमा प्रभावकारिता ल्याउन यस उपनिर्वाचनमा केन्द्रीय आचारसंहिता अनुगमन समिति मार्फत अनुगमन हुने व्यवस्थाका अतिरिक्त सबै राजनीतिक दलहरुको समेत संलग्नतामा आचारसंहिता जिल्ला स्तरीय अनुगमन समिति गठन गरी उक्त समितिबाट आचारसंहिताको सुक्ष्म अनुगमन गर्ने व्यवस्था गरिएको छ । यो आयोगले प्रारम्भ गरेको आचार संहिता अनुगमनको नयाँ अभ्यास हो । यसलाई आयोगले राजनीतिक दलहरुको निम्ती आचार संहिताको स्वअनुगमन गर्ने अवसरको रुपमा लिएको छ र यसको अनुभवको आधारमा भविष्यमा थप व्यवस्थित गर्दै लगिनेछ ।

सुरक्षा व्यवस्थालाई चुस्त, भरपर्दो र प्रभावकारी बनाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा उपनिर्वाचन सञ्चालन र व्यवस्थापन गर्ने सम्बन्धमा जिल्ला, प्रदेश तथा केन्द्रस्तरमा एकीकृत सुरक्षा योजना तर्जुमा गरी नेपाल सरकार, गृह मन्त्रालयको समन्वयमा र नेतृत्वमा कार्यान्वयन गर्ने व्यवस्था मिलाइको छ । त्यसैगरी आयोग र सुरक्षा निकाय बीच सम्पर्क, समन्वय र सहजीकरण गर्न आयोगका माननीय आयुक्तको संयोजकत्वमा उच्चस्तरीय सुरक्षा समिति गठन गरी क्रियाशिल तुल्याइएको छ । केन्द्र, प्रदेश र स्थानीय सुरक्षा निकाय बीच सम्पर्क र समन्वय गर्न तथा उच्चस्तरीय सुरक्षा समितिबाट भएका निर्णयहरु कार्यान्वयनको व्यवस्था मिलाउन आयोगका सहसचिवको संयोजकत्वमा गृह मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभागका प्रतिनिधिहरू रहने संयुक्त निर्वाचन सञ्चालन केन्द्र मिति २०७६ कार्तिक १९ गते देखि सञ्चालनमा ल्याइ सकिएको छ । यस केन्द्र मार्फत समग्र निर्वाचन सुरक्षा व्यवस्थापन तथा शान्ति सुरक्षाको अनुगमन गरी आवश्यक व्यवस्थापन, समन्वय र निर्देशन गरिनेछ ।

उपनिर्वाचन, २०७६ को पर्यवेक्षण गर्न राष्ट्रिय संघ/संस्थाहरुबाट आबेदन माग गरी प्राप्त आबेदनहरूको जाँचवुझ गरी पर्यवेक्षण गर्न अनुमति दिने प्रक्रियामा रहेको छ ।

अन्त्यमा, २०७६ कार्तिक २१ गते हुने उम्मेदवारको मनोनयन देखि निर्वाचन परिणाम घोषणा नभएसम्मका उपनिर्वाचन सम्बन्धी सबै प्रकृयामा आमनागरिकको उत्साहपूर्ण एवम् स्वस्फूर्त सहभागीताको निम्ति आव्हान गर्दै उपनिर्वाचन, २०७६ लाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित बातावरणमा सम्पन्न गर्न गराउन राजनीतिक दल, उम्मेदवार, मतदाता, सम्बन्धित निकाय तथा आमसञ्चार लगायत सबैसँग आयोगले सहयोगको अपेक्षा गरेको छ ।

**धन्यवाद !**

*मिति : २०७६।७।२०*

०७६।७।२०

(राजकुमार श्रेष्ठ)
सहसचिव एवम् प्रवक्ता

"स्वतन्त्र र निष्पक्ष निर्वाचनः राष्ट्रको गौरव"
"Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np